


Federation of Nepalese Chambers of Commerce & Industry
Estd. 1965
FNCCI

स्टार्ट अप एवं लघु, घरेलु, साना तथा मझौला उद्यम

# परियोजना कर्जा सम्भाव्यता

# बिषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | ५ |
| २. | कार्यक्षेत्र | ६ |
| ३. | पद्धति एवं बिधि | ६ |
| ४. | नेपालमा घरेलु तथा साना उद्योगहरुको वर्तमान अवस्थाको मूल्यांकन | ७ |
| ५. | कानुनी र नियामक वातावरण | १० |
| ६. | नेपालको ऋण प्रवाह अभ्यास | ११ |
| ७. | क्षेत्रीय र अन्तर्राष्ट्रिय अभ्यास | १३ |
| ८. | जोखिम तथा चुनौती | १४ |
| ९. | न्यूनीकरण एवं सुझावहरु | १६ |
| १०. | निश्कर्ष | २१ |

# संक्षेप

| | |
|---|---|
| बीएफआई | बैंक र वित्तीय संस्था |
| एमएसएमई | लघु, साना तथा मझौला उद्यम |
| जीडीपी | कुल ग्राहस्थ उत्पादन |
| एमओआईसीएस | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| एमओएफ | अर्थ मन्त्रालय |
| सीबीएस | केन्द्रीय तथ्यांक बिभाग |
| एसएमई | साना तथा मझौला व्यवसाय |
| सार्क | दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन |
| भीएटी (भ्याट) | मूल्य अभिवृद्धि कर |
| पीएन (प्यान) | स्थायीलेखा नम्बर |
| जीओएन | नेपाल सरकार |
| एनआरबी | नेपाल राष्ट्र बैंक |
| एमएलआईएस | सदस्यलाई ऋण प्रवाह गर्ने संस्था |
| डीबीएन | नाईजेरिया विकास बैंक |
| भीएसई | सुक्ष्म व्यवसाय |
| सीआरएस | केडिट रिपोर्टिङ प्रणाली |
| सीजीएस | केडिट प्रत्याभुति/ग्यारेण्टीप्रणाली |

## १.परिचय

लघु, घरेलु, साना तथा मझौला उद्योग (एमएसएमइ) भन्नाले सिमित स्रोतबाट संचालित तर अर्थतन्त्रलाई चलायमान बनाउने उद्यम हुन् । एमएसएमईहरुलाई पूँजी लगानी, वार्षिक बिक्री, सम्पत्ति, कर्मचारी आदिका आधारमा परिभाषित गर्ने गरेको पाईन्छ ।

बिशेष गरी उदीयमान र विकासशील राष्ट्रहरुका लागि एमएसएमईको भूमिका अति महत्वपूर्ण मानिएको छ। विश्व बैंकले गरेको एक अध्ययनका अनुसार औपचारिक रुपमा (दर्ता भएको) घरेलु तथा साना उद्योगहरूले कुल रोजगारीको ६० प्रतिशत, नयाँ औपचारिक रोजगारी सृजनाको८० प्रतिशत र उदीयमान अर्थतन्त्रमाराष्ट्रिय आय (कूल ग्राहस्थ उत्पादन) को ४० प्रतिशतसम्म योगदान गर्दछ । नेपालको अर्थतन्त्रमा यस्ता उद्योगले करिब २२ प्रतिशत योगदान पुर्‍याएको र २० लाखलाई रोजगारी दिइरहेको आंकलन गरिएको छ ।

नेपालको औद्योगिक व्यवसाय ऐन, २०७६ ले लघु, घरेलु, साना एवं मझौला उद्योगलाई यसप्रकार परिभाषित गरेको छः

१) **लघु उद्योगः** घर जग्गाबाहेक बढीमा २० लाख रूपैयाँसम्म स्थीर पुँजी रहेको, उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको, वार्षिक कारोबार १ करोड रुपैयाँभन्दा कम रहेको; इञ्जिन, उपकरण वा मेशिनमा खपत हुने विद्युतीय ऊर्जा, ईन्धन वा अन्य तेल इञ्जिनको क्षमता २० किलोवाट वा सो भन्दा कम रहेको ।

२) **घरेलु उद्योगः**परम्परागत सीप र प्रविधिमा आधारित, श्रममूलक रसीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित, ईञ्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा ५० किलोवाटसम्म विद्युत ऊर्जा प्रयोग गरेको ।

३) **साना उद्योगः**लघु उद्यम र घरेलु उद्यम वाहेकको १५ करोड रुपैयाँसम्म स्थीर पुँजी भएको उद्योग ।

४) **मझौला उद्योगः**१५ करोड रुपैयाँभन्दा वढी ५० करोडसम्म स्थीर पुँजी भएको उद्योग ।

यी उद्योगका लागि पुजी, बजार, कच्चा पदार्थ, प्रविधि एवं कच्चा पदार्थको व्यवस्थापन चुनौतिपूर्ण रहने गरेको छ । यसमध्ये पूजी अभावव्यवसाय संचालन, त्यसको विकास र स्तरवृद्धिका लागि प्रमुखअवरोध मध्येको पनि एक हो ।विशेष गरी नेपालजस्तोअतिकम बिकसित मुलुकमा लघु, घरेलु तथा साना उद्योगसम्बन्धी वित्तीय ज्ञान र कर्जा पहुँचमाठूलो अन्तर छ। नेपाल राष्ट्र बैंकको एक अध्ययनअनुसार१६ प्रतिशत स्टार्टअप उद्यमहरुको मात्रबैंक तथा वित्तीय संस्थामा पहुँच रहेको छ।लघुवित्त संस्था (एमएफआई)द्वारा प्रस्तावित लघु व्यवसाय संचालनकर्जाको औसत आकार ५ लाख रुपैयाँ भन्दा कम छ भने वाणिज्य बैंकहरुलेएसएमईका लागि प्रस्ताव गरेकोकर्जाको औसत आकार न्युनतम २५ लाख रुपैयाँ भन्दा बढी छ । यद्यपि नेपाल राष्ट्र बैंकको अध्ययनअनुसार लगभग ५९ प्रतिशत साना व्यवसायलाई२५ लाख रुपैयाँभन्दा कम ऋण चाहिने देखिएको छ भने धितोमा आधारित व्यवसाय कर्जा नै एमएसएमईका लागि एउटामुख्य अवरोध बनेको छ । एमसीएसईका लागि कर्जा प्रवाहमा धेरैजसो बैंकतथा वित्तीय संस्थाहरुलेजमानतका लागि उच्च तरलता भएका अचल सम्पत्ति नै खोज्ने गरेका छन् ।

वास्तवमा उद्यमकोवित्तीयसार भनेको सो परियोजना व्यवस्थापन कस्तो छ त्यसैमा केन्द्रित हुनु हो । परियोजना कर्जा व्यवस्थापनको कुनै ठोस परिभाषा छैन । तर यसले सामान्यतया नगण्य धितो वा जमानतको सट्टा परियोजनाको नगद प्रवाहको आधारमा दिईने कर्जालाई बुझाउँछ र ऋणदाताले मुख्यतया सुरक्षणको रूपमा परियोजना सम्झौतालाई आधार मानेका हुन्छन् । नगद प्रवाहमा आधारित ऋणका लागि ऋणको आकार, शर्तहरु र ऋण चुक्ता गर्ने कुराएमसीएसईको

वास्तविक नगद सिर्जनामा आधारित हुन्छ र यसैले सम्पत्तिमा हुने पथान्तरण कम हुन गएमा यसमा स्वतः जोखिम ल्याउँछ ।

हालैका वर्षहरुमा परियोजनामा आधारित कर्जा लगानी सरकारको प्राथमिकतामा परेको छ। आर्थिक वर्ष २०७७/७८ को बजेटले पनि परियोजनामा आधारित ऋण लगानीअन्तर्गत स्टार्टअपहरुलाई कर्जा प्रदान गर्ने घोषणा गरेको छ।मौद्रिक नीति २०७७/७८ मा पनि यसको व्यवस्था गरिएको छ । सहुलियतपूर्ण कर्जा अन्तर्गत नौ प्रकारका कर्जालाई परियोजनामा आधारित भएर ऋण दिने गरिएको छ । तर स्पष्ट बुझाईको अभाव र कानुनी अस्पष्टताका कारण बैंक र वित्तीय संस्थाहरुले जग्गा र भवन जस्ता चलसम्पत्ति बाहेक अन्य धितो राखेर ऋण दिन हिच्किचाईरहेका छन्। तोकिएको थोरै रकमको यस्तो कर्जा प्रवाह हुने गरेको छ । परियोजनाकै आधारमा कर्जा दिने बिषय भने अझै कार्यान्वयनमा आउन सकेको छैन ।

एमएसएमईलाई विनाधितो परियोजनामा आधारितकर्जा प्रवाह भएमा नवप्रवर्तन र उद्यमशीलता विकासमायसले महत्वपूर्ण भूमिका खेल्न सक्छ।एमएसएमईले रोजगारी सिर्जनामा एवम् हाम्रो जस्तो देशमा सामाजिक द्वन्द्वको अन्त्य र आर्थिक विकासमामहत्वपूर्ण भूमिकाखेल्न सक्दछन् । प्रारम्भिक विकासका लागि एमएसएमईलेआफ्नो आन्तरिक कोष, संचालक, तथा उनीहरुको परिवार र साथीबाट पुँजीको व्यवस्था गरेतापनि उद्यमको निरन्तर विकासका लागि बाह्य सहयोगको आवश्यकता पर्दछ। यदि उद्यमसँग धितो राख्ने कुनै पनि सम्पत्ति छैन र उद्योग संचालनको ट्र्याक रेकर्डछैन भने उनीहरुलाई आवश्यक आर्थिक सहयोग नहुनसक्छ र एउटा संभावना भएको व्यवसाय बन्द पनि हुन सक्दछ।

सामान्य अवस्थामा यस अध्ययनको मुख्य उद्देश्य भनेको नेपालमा परियोजना व्यवस्थापनका कठिनाई र चुनौति के के छन र ती चुनौतीलाई कसरी वैज्ञानिक तवरबाट कम गर्दै लैजान सकिन्छ भन्ने कुरा बुझ्नु हो किनभने धितोमा आधारित ऋणले लघु र साना उद्यमहरुमा अवसर लागत बढाउँछ किनकि यसले अन्य उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न सकिने सम्पत्तिलाई बन्धक बनाउँछ ।

## २. कार्यक्षेत्र र उद्देश्यहरु

यस अध्ययनको मुख्य उद्देश्य भनेको विगतमा अपनाईएका परियोजनामा आधारित ऋणका पहल तथा रणनीतिहरुको पहिचान एवम् समीक्षा गर्नुका साथैत्यसका सम्बन्धमा वैज्ञानिक सुझावहरु तयार पार्नु र स्टार्ट-अपका लागि परियोजनामा आधारित ऋणका चुनौतिहरु तथा अवसरहरुको पहिचान तथाएमसीएसई र स्टार्ट अपका लागि परियोजनामा आधारित कर्जाकार्यान्वयनका लागि सिफारिश गर्नु रहेको छ।

## ३. पद्धति एवं विधि

यो अध्ययन मुख्यरूपमा वित्त व्यवस्थापनसम्बन्धी अनुसन्धानहरुको पुनरावलोकन र अन्तर्वार्ताको माध्यमबाट गरिएको एक गुणात्मक अध्ययन हो । यस पद्धतिको बारे थप निम्नानुसार छन्:

- दस्तावेज अध्ययन, विश्लेषण र परियोजनामा आधारित ऋणप्रतिवेदनहरुको समीक्षा ।
- सरोकारवालाहरुसँग अर्धसंरचित अन्तर्वार्ता, जसमा निम्न लिखित समूहहरु समावेश छन:
  - बैंकिङ, एमएसएमई र नेपाल उद्योग बाणिज्य महासंघ।

- बैंकर, बैंकर्स संघ, नेपाल राष्ट्र बैंक आदि।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थमन्त्रालयसहित नीति निर्माताएवं स्वतन्त्र विज्ञहरू।

## ४. नेपालमा एमएसएमई - विद्यमान परिदृश्यको मूल्यांकन

नेपालमा एमएसएमईकोउदय गतिशील तरीकाले भएको छ र यसले रोजगारीका अवसर सृजना, उद्यमशीलता विकास र गरीबी उन्मूलनमा योगदान गर्नुका साथै देशको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ। राष्ट्रिय आर्थिक गणना २०१८ का अनुसार नेपालमा ९२३,३५६ व्यावसायिक प्रतिष्ठानहरु छन्। ती मध्येऔपचारिकरुपमा दर्ता भएका उद्यमहरुको संख्या ४२७,७०४ रहेको छ जुन सम्पूर्ण प्रतिष्ठानहरुको ५०.१% हुनजान्छ र ४७०,४२२ अर्थात् ४९.९% प्रतिष्ठानहरु दर्तानै भएका छैनन्।

वित्तीय पहुँच विशेष गरी एमएसएमईमा पनि स्टार्ट-अपमा मात्र सीमित रहेको पाईएको छ। एमएसएमईकोविकासमा सबै ठूलो बाधकभनेकै व्यवसायको शुरुवात, निरन्तरता र त्यसको वृद्धितथा विकासका लागि आर्थिकस्रोतहरुको कमीहो। लगभग तीन चौथाई (७४ प्रतिशत) एमएसएमई स्टार्ट-अप व्यवसायहरु पैतृक सम्पत्ति, व्यक्तिगत बचत, अनौपचारिक स्रोत, वा रेमिट्यान्समा निर्भर छन् । नेपालमा जम्मा १६ प्रतिशतएमएसएमईकोबैंकमा पहुँचरहेको छ र नेपालमा बैंक तथा वित्तीय संस्थामध्ये लगभग ८५ प्रतिशत वाणिज्य बैंक छन् भने बाँकी विकास बैंक, वित्त कम्पनी, र लघुवित्त कम्पनी छन्।

## दर्ता भए अनुसारकाउद्योग प्रतिष्ठानहरुको संख्या




चित्र १: दर्ता भएअनुसार उद्योग प्रतिष्ठानहरुको संख्या

स्रोत: केन्द्रीय तथ्यांक बिभाग, राष्ट्रिय आर्थिक गणना, २०१८

**आकारअनुसार दर्ता भएका र नभएका उद्योगहरुको संख्या**


| उद्योग स्थापनाको आकार | स्थापना | | दर्ता भएका | | दर्ता नभएका | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| लघु | ८८०,२५४ | ९५.३७ | ४२१,९९६ | ९१.२ | ४५८,२५८ | ९९.५३ |
| सानो | ३८,७३७ | ४.२० | ३६,७०५ | ७.९ | २,०३२ | ०.४४ |
| मझौला | २,२५३ | ०.२४ | २,१६५ | ०.५ | ८८ | ०.०२ |
| ठूला | १,७८३ | ०.१९ | १,७३९ | ०.४ | ४४ | ०.०१ |
| जम्मा | ९२३,०२७ | १००.०० | ४२६,६०५ | १००.०० | ४६०,४२२ | १००.०० |

चित्र २: आकारअनुसार दर्ता भएका र नभएका उद्योगहरुको संख्या

*नोट: माथिको टेबलमा उद्यममा संलग्न व्यक्तिहरुको संख्या नभएका ३२९ व्यवसायहरुलाई समावेश गरिएको छैन ।*

स्रोत: केन्द्रीय तथ्यांक बिभाग, राष्ट्रिय आर्थिक गणना, २०१८

**आकारअनुसार दर्ता भएका र नभएका उद्योगहरुमा काम गर्ने कर्मचारीहरुको संख्या**





चित्र ३: आकारअनुसार दर्ता भएका र नभएका उद्योगहरुमा काम गर्ने कर्मचारीहरुको संख्या

स्रोत: केन्द्रीय तथ्यांक बिभाग, राष्ट्रिय आर्थिक गणना, २०१८

दर्ता भएको उद्योग प्रतिष्ठानहरुमा कुल २३,९४,०९७ व्यक्तिको आवद्धता रहेकोमालघु उद्योगहरुमा मात्रै ११,१६,४१५ व्यक्तिहरुको संलग्नता छ जुन कुल संख्याको ४६.६% हो। त्यस्तै दर्ता भएका साना उद्योग प्रतिष्ठानहरुमा ६,५३,५३२ ले रोजगारी पाएका छन् जुन २७.३%हुने देखिन्छ।त्यसैगरी दर्ता भएका मझौला उद्योगहरुमा १,४४,१३७ मानिसहरु अर्थात् ६.०% मात्र आवद्ध छन्। दर्ता भएका ठूला प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या ४,८०,०१३ जना (२०.०%) छ।

दर्ता नभएका प्रतिष्ठानहरुमा संलग्न ८,३२,१८७ व्यक्तिमध्ये दर्ता नभएको लघु प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या ७,७९,९१३ (९३.७%) रहेको छ, दर्ता नभएको साना प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या ३४,५८६(४.२%), दर्ता नभएको मध्यम प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या ५,५७५ (०.७%), र दर्ता नभएको ठूला प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या १२,१२३ (१.५%) रहेको छ।

**स्टार्ट-अप साना तथा मझौला उद्योगहरुको वित्तीय स्रोत**




चित्र ४: स्टार्ट-अप साना तथा मझौला उद्योगहरुका लागि पुँजीको स्रोत

स्रोत: नेपाल राष्ट्र बैंक, एसएमई फाइनान्सिङ स्टडी रिपोर्ट, २०१९

माथिको तालिकामादेखाएअनुसार शुरुवाती चरणमा अधिकांश व्यवसाय पैतृक सम्पत्ति, व्यक्तिगत बचत, र साथी, परिवार वा रेमिट्यान्सजस्ता लगानीका अनौपचारिक स्रोतबाट चलाईने गरेका छन्।एमएसएमईका लागि बैंक तथा

वित्तीय संस्थाहरुले कर्जा अस्वीकार गर्नुको पछाडी सबैभन्दा महत्वपूर्ण कारण कम धितो वा अपर्याप्त धितोलाई मानिन्छ। उच्चकोटीको धितो पेश गर्न एमएसएमईलाई गाह्रो भइरहेको छ ।

**पछिल्ला चार बर्षमा नेपालमाव्यवसाय सहजताको स्थिती**

| बर्ष | २०१७ | २०१८ | २०१९ | २०२० |
|---|---|---|---|---|
| अंक | ५८.८८ | ५९.९५ | ५९.६३ | ६३.२ |
| श्रेणी | १०७ | १०५ | ११० | ९४ |

तालिका १: पछिल्ला चार बर्षमा नेपालमा व्यवसाय सहजताको स्थिती

विश्व बैंकले प्रकाशन गरेको सन् २०२० को 'डुइङ बिजनेश रिपोर्ट'का अनुसार व्यवसाय सहजता सूचकांकमा ६३.२ अंकसहित नेपाल सफलतापूर्वक विश्वको १९० अर्थतन्त्रमध्ये ९४ औं स्थानमा रहेको छ। सार्क देशहरुमध्ये नेपाल भारत र भुटानपछि सबैभन्दा उत्कृष्ट रहेको उक्त प्रतिवेदनमा उल्लेख छ । यसबाहेक मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिएका ३० कम आय भएका देशहरुमध्ये नेपाल रुवाण्डापछि विश्वको दोस्रो उत्कृष्ट देशमा परेको पनि सो प्रतिवेदनले जनाएको छ ।

स्रोत: विश्व बैंक, डुइङ बिजनेश रिपोर्ट, २०२०

### स्टार्ट-अप र एमएसएमईको वित्तीय समस्या

विकासशील अर्थ व्यवस्थाहरुमा बैंकहरुस्टार्ट-अप र एमएसएमई भन्दा ठूला उद्योगहरुतर्फ बढी आकर्षित छन् र एमएसएमईमा कर्जा लगानी नगन्य मात्रमा गर्दछन्। बैंक र वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गर्न स्टार्ट-अप र एमएसएमईका लागि सधैंको प्रमुख समस्या वा चुनौती भनेको धितो अभाव वा उच्च गुणस्तरको धितोको कमी नै हो । बैंक तथा वित्तीय संस्थाहरुले एमएसएमईलाई प्रदान गर्ने धितोमा आधारित कर्जाका सम्बन्धमा विभिन्न सूचीहरु तयार गरेकाहुन्छन्। यसका साथै अधिकांश यस्ताउद्यमहरुमा प्रवाह गरिनेकर्जाकाप्रक्रिया तथा र कर्जाका अन्य कार्यक्रमहरु अस्तित्वमा रहेको भन्ने व्यवसायीहरुलाई नै थाहा हुँदैन। बैंक तथा वित्तीय संस्थाहरुसँग भएको कुराकानीमा विनाधितो ऋण प्रदान गर्दा सो कर्जाको दुरुपयोग हुने उच्च संभावना र कर्जाउठाउँदा हुने चुनौतिकाकारण पनि एमएसएमईलाई सहजरुपमा कर्जा पाउनबाट रोकेको हुनसक्छ ।

यसबाहेक एमएसएमईलाई प्रवाह गर्ने कर्जा सिमाका बारेमाबैंक तथा वित्तीय संस्थाहरुको आफ्नै परिभाषा रहने गरेको छ। यस्तो अवस्थामा तीउद्योगहरुका लागि कर्जा प्रवाहमा विश्वसनीय तथ्यांकको कमी रहेको देखिन्छ। एमएसएमईकोप्रडक्टका सम्बन्धमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकहरुको आवश्यकताको आधारमा कर्जा अनुकूलित गर्ने गरेका छन् तर विशेष प्रडक्टका बारेमा भने उनीहरु मौन रहने गरेको छन्।

## ४.कानूनी एवं नियामक वातावरण

नेपाली अर्थतन्त्रको विकासमाएमएसएमईले महत्वपूर्ण भूमिका खेलिरहेको अवस्थामा तिनमा लगानी सुनिश्चित गर्ने जिम्मा नेपाल राष्ट्र बैंकको हो जुन वाणिज्य बैंकहरुका लागि एकीकृत निर्देशन २०७७, लघु वित्त संस्थाहरुको लागी एकीकृत निर्देशन २०७७, मौद्रिक नीति २०२०।२१, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जस्ता निर्देशिका तथा कानुनबाट निर्देशित हुन्छ ।

नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिका, २०७७का अनुसार, बैंक तथा वित्तीय संस्थाहरुलाई एमएसएमईको क्षेत्रमा कर्जाको केही प्रतिशत (असार २०८१ को अन्त्यसम्म 'क' वर्गको बैंकका लागि १५%, 'ख'वर्गको विकास बैंकका लागि २०% र 'ग' वर्गका वित्तीयसंस्थाहरुका लागि १५% अनिवार्य वितरण गर्नुपर्ने हुन्छ र यदि बैंक तथा वित्तीय संस्थाहरुले सो लक्ष्य पूरा गर्न सकेनन् भने उनीहरुलाई दण्डित गर्ने प्रावधान पनि रहेको छ।


मौद्रिक नीति २०२०/२१ले पुन-कर्जा सुविधाको व्यावस्था गरेको छ ।पुन-कर्जासुविधालाई उपलब्ध कोषको पाँच गुनासम्म विस्तार गर्दै आर्थिक गतिविधिहरुलाई बढावा दिनको लागि सहुलियत ऋण प्रदान गरी कोभिड-१९बाट प्रभावित उद्यम र व्यवसायहरुको कर्जामा पहुँच बढाउने प्रावधान छ। एमएसएमईलाई २ प्रतिशतसम्म पुन-कर्जा प्रदान गर्न सकिने उल्लेख छ । त्यसको लागि प्रतिऋणी अधिकतम रु. १५ लाखसम्म पुन-कर्जा पाउने व्यवस्था गरेको छ।

वित्तीय सेवामा पहुँच खोजिरहेका एमएसएमईले घरेलु तथा साना उद्योग विभाग, नगरपालिका, कम्पनी रजिस्ट्रार कार्यालय वा उद्योग विभागमध्ये कुनै एकमा दर्ता भएको हुनुपर्दछ। यसबाहेक कर प्रयोजनार्थ उद्योगको नाममा स्थायी लेखा नम्बर (प्यान) का लागि कर कार्यालयमा दर्ता हुनु पर्छ । यदि उनीहरुको वार्षिक कारोबार रु ५० लाख भन्दा माथि छ भने मूल्य अभिवृद्धी कर (भ्याट) मा दर्ता भएको हुनुपर्छ। एकपटक कर प्रणालीमा आवद्ध भएपछि व्यवसायीहरुले नियमित कर फिर्ता र वार्षिक आय विवरण पेश गर्नु आवश्यक छ। यदि भ्याटमा दर्ता भएकोहो भने व्यवसायीहरुले हरेक महिना आफ्नो वित्तीय कारोबारबारे जानकारी दिनु आवश्यक हुन्छ ।

## ६. नेपालका बैंक तथा वित्तीय संस्थामा कर्जा प्रवाहको अभ्यास


वित्तीय क्षेत्रको बिस्तारसँगै वित्तीय पहुँच र कारोबारमा पनि विकास भएको छ।परम्परागतरुपमा विश्वभरनै एमएसएमईमा प्रवाह हुने ऋणको ठूलो मात्रा वाणिज्य बैंक, वित्तीय संस्था, विकास बैंक र लघुवित्त कम्पनीबाट आएको पाइन्छ । तर विकासशील अर्थतन्त्रमा बैंकहरु ठूला उद्योग प्रतिष्ठानको तुलनामा एमएसएमईसँग कम परिचित रहने गरेको र ऋण लगानी थोरै र शुल्क तथाव्याज धेरै लिने गरेको पाइन्छ।२०७७ चैत्रसम्मको तथ्याङ्क हेर्ने हो भने नेपालमा कुल १५५ बैंक तथा वित्तीय संस्थाहरु रहेको पाईन्छ जसमा २७ वाणिज्य बैंक, १८ विकास बैंक, २० फाईनान्स कम्पनी, ७४ लघु वित्त कम्पनी, १५ अन्य संस्थाहरु र १ पूर्वाधार विकास बैंक संचालनमा छन् ।

चित्र ५: बैंक र वित्तीय संस्थाहरुको संख्या




स्रोत: २०७७ चैत्र मसान्तसम्म, नेपाल राष्ट्र बैंक

**विभिन्न बैंक र वित्तीय संस्थाहरुबाट प्रवाह भएको एसएमई ऋणको हिस्सा**




चित्र ६: विभिन्न बैंक र वित्तीय संस्थाहरुबाट प्रवाह भएको एसएमई ऋणको हिस्सा

स्रोत: नेपाल राष्ट्र बैंक, एसएमई फाइनान्सिङ रिपोर्ट २०१९

नेपालमा सञ्चालनमा आएकाएमएसएमईमध्येआधाले मात्र बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर कारोबार गरेका छन् जसमध्ये ८५% ले वाणिज्य बैंकहरुबाट कर्जा लिएको पाइएको छ । कर्जा लिने अधिकांश साना उद्योगहरुले ५० लाख रुपैयाँ भन्दा कमको कर्जा लिएको र मझौला उद्योगहरुले ५ करोड रुपैयाँ भन्दा बढी कर्जा लिने गरेको देखिएको छ ।

ऋणमा पहुँच भएका एमएसएमईबीच ऋणकास्रोतहरुको वितरण

| Source | Micro-enterprises | Small enterprises | Medium sized enterprises |
|---|---|---|---|
| **बैंक** | ३३.४ | ७२ | ८८.६ |
| **सहकारी** | ३३.२ | ११.९ | ४.६ |
| **ब्यतिगत ऋण** | १४.६ | ८ | ३.८ |
| **वित्त संस्था** | ८.१ | ४.८ | १.४ |
| **लघु वित्त संस्था** | ८.१ | ०.८ | ०.४ |
| **अन्य** | २.६ | २.५ | १.२ |

तलिका २: ऋणमा पहुँच भएका एमएसएमईबीच ऋणका स्रोतहरुको वितरण

श्रोत: केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय आर्थिक सर्वेक्षण, २०१८

### क) एमएसएमईका लागिकर्जा

बैंक तथा वित्तीय संस्थाहरुलेएमएसएमईका सम्बन्धमा आ-आफ्नै तरिकाका परिभाषा बनाएको र तिनीहरुले प्रदान गर्ने कर्जाको मापदण्डमा पनि फरक हुने गरेको पाईन्छ।नेपाल राष्ट्र बैंकले एमएसएमईलाई प्रदान गर्ने ऋणका सम्बन्धमा एउटै परिभाषा स्थापित गरेको भएतापनि धेरैजसो बैंक र वित्तीय संस्थाहरुले कर्जारकमअनुसार आफ्नोआन्तरिक प्रयोजनका लागि परिभाषा बनाउने गरेकालेबैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने कर्जाको आकार र रकमका बीच भिन्नता हुने गरेको पाईन्छ।

अध्ययनका लागि अन्तर्वार्ता लिइएका राष्ट्र बैंकका प्रतिनिधिका अनुसार बैंक र वित्तीय संस्थाहरुले कर्जा दिने निर्णय ऋणीको सम्पूर्ण आर्थिक जोखिम, सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको जोखिम बहन गर्ने क्षमताका साथै सम्बन्धित क्षेत्रको खासगरीएमएसएमईमा बैंक तथा वित्तीय संस्थाहरुको विशेषज्ञतामा निर्भर गर्ने जानकारी गराएका छन् ।उनका अनुसार नेपाल राष्ट्र बैंकले कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै निर्धारित क्षेत्र वा व्यवसायमा कर्जा प्रवाहका लागि निर्णय गर्न मार्गदर्शन गर्दैन तर एमएसएमईक्षेत्रलाई ऋण दिनको लागि अनुरोध भने गर्न सक्छ ।

अध्ययनमा सहभागी केही बैंक तथा वित्तीय संस्थाहरुका अनुसार एमएसएमईलाई कर्जा दिनको लागि उनीहरुको आफ्नै शर्तहरु छन् । त्यसका लागि उनीहरुले आफू अनुकुलको प्रडक्ट ल्याउने र मापदण्ड बनाउने गरेका छन् । बैकहरुसँग साना उद्योग व्यवसायहरुमा ऋण प्रवाह गर्न वा त्यसका लागि स्वीकृति दिन आफ्नै बिधिको विकास गरेका छन् । सामान्यत: बैंकहरुलाई कर्जा स्वीकृत गर्न धितो चाहिन्छ ।

कर्जाका लागि योग्य हुन व्यवसायहरुले आफ्नो बिक्री कारोबार, व्यवसायको पृष्ठभूमि र अनुभव, भावी योजना,सबल र कमजोर पक्ष, अवसर र चुनौति (SWOT) विश्लेषण आदिका बारेमा प्रस्तुत गर्नुकासाथै कानूनीरुपमा दर्ता हुन आवश्यक छ ।यसका साथै उनीहरुले आफ्नो व्यवसायिक उद्देश्य पनिप्रष्ट पार्न सक्नु पर्दछ।

शून्य अनुभवका आधारमा व्यवसाय थाल्ने स्टार्ट-अपहरुका लागि,ऋण प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाले सो व्यवसायको लक्षित बजार, आर्थिक कारोबारको इतिहास, नगद प्रवाह, धितो आदि जस्ता मापदण्डहरु हेर्ने गर्दछन्।

बैंक तथा वित्तीय संस्थासँग छलफल गर्दा उनीहरुले स्टार्ट-अपलाई पनि सानो आकारको ऋण प्रवाह गरेको स्विकारेका छन् । ऋण खोज्नेले आर्थिक चालचलन राम्रो भएको प्रमाणित गर्न सकेमा साथै क्रेडिट ग्यारेन्टी भएमा उनीहरुले कम्पनीको सेयर (स्टक)लाई पनि धितोको रूप लिने गरेका छन् ।

## ७. क्षेत्रीय र अन्तर्राष्ट्रिय अभ्यास

पाकिस्तानको साना र ग्रामीण उद्योगहरुको लागिकर्जा सुनिश्चितता योजना (सीजीएस)सन् २०१० मा त्यहाँको केन्द्रीय बैंक (स्टेट बैंक अफ पाकिस्तान), पाकिस्तान सरकार र बेलायतको अन्तर्राष्ट्रिय विकास नियोग (DFID)को सहयोगमा शुरू गरिएको थियो। यो एउटा दाताद्धारा प्रवर्द्धित एवं पाकिस्तानको केन्द्रीय बैंकको सहयोगमा सञ्चालित उदाहरणीय योजनाको हो जसले पाकिस्तानका किसान, लघु तथा साना व्यवसायहरुको वित्तीय पहुँच र अवरोधलाई सम्बोधन गरेको छ । यो कार्यक्रमले स्पष्ट रूपमा उच्च जोखिममा रहेका बजार क्षेत्रहरुमा संलग्न व्यवसायहरुलाई लक्षित गर्दै कर्जा प्रवाह गर्ने गरेता पनि कम धितोका बावजुद अझै कर्जा तिर्न सक्षम रहेकोछ । जोखिम मूल्यांकनका लागि सावधानीपूर्वक चयन गरिएका बैंकहरुलाई निगरानीको जिम्मा दिंदै यो कार्यक्रमले जोखिम सन्तुलनलाई सहभागितासँगै सन्तुलित राखेको छ ।यो योजनाको पोर्टफोलियो सुनिश्चिता कभरेज ४०-६०% अनुपातमा छ र योजनाकोजोखिमको बाँडफाँट सन्तुलित र सहभागितामूलक रहँदै आएको छ ।

भारत सरकारले कम लागतमा कर्जा प्रदान गर्नका लागि आपतकालीन कर्जा सुनिश्चितता योजना स्थापना गरेको छ। भारत सरकारले ३,००,०००करोड रुपैयाँ धितोरहितकर्जा योजना संचालन गरेको छ जसबाट करीब ४५ लाख एमएसएमई लाभावित हुने आँकलन गरिएको छ । यो कार्यक्रमले कम लागतमा अतिरिक्त कर्जा प्रदान गर्नका लागि सदस्यताको आधारमा कर्जा प्रवाह गर्ने संस्थाहरुलाई प्रोत्साहित गर्दै एमएसएमईहरुलाई राहत दिई उनीहरुको दायित्व परिचालन र आफ्नो व्यवसाय पुन सुचारु गर्नका लागि सक्षम बनाउँछ। यो योजनाअन्तर्गत हालसम्म रु. १,३७,५८७.५४करोड स्वीकृत गरीएको र ३ अगस्त, २०२० सम्मरु. ९२,०९०.२४ करोड वितरण गरि सकिएको छ।

नाइजेरियामा डेभलपमेण्ट फाइनान्स प्रोजेक्टले नाइजेरिया विकास बैंक स्थापना गर्न सहयोग पुऱ्याएको छ ।योएउटा थोक विकास वित्त संस्था हो जस्ले योग्य वित्तीय मध्यस्थता संस्थाहरुलाई दिर्घकालीन आर्थिक सहयोग र आंशिक क्रेडिट ग्यारेन्टीको माध्यमबाट एमएसएमईलाई कर्जा प्रदान गर्ने छ।यो आयोजनाले नाइजेरिया विकास बैंक र सहभागी वाणिज्य बैंकहरुकालागि प्रविधिक सहयोगका साथै उनीहरुलाई हालसम्म पहुँचमा नरहेका तथा सुविधाबाट वञ्चितएमएसएमईसम्म पुग्न सहयोग गर्दछ।

मोरक्कोमाएमएसएमई विकास परियोजनाको लक्ष्य भनेको एमएसएमईलाई कर्जा प्रवाहमा सुनिश्चितताका साथैवित्तमा पहुँचको निश्चित गर्नु रहेको छ । यो कार्यक्रमले सो कार्यको लागि हाल मोरक्कोको वित्तीय प्रणालीमा रहेका आंशिक ऋण प्रत्याभुति प्रदायकलाई क्रेडिट ग्यारेण्टीको व्यवस्थालाई समर्थन गरी उनीहरुको दायरा बढाउन मदत गर्छ ताकी एमएसएमई, र खास गरी सुक्ष्म व्यवसायका लागि उनीहरुले नयाँ प्रडक्ट ल्याउन सकुन् । यसले एमएसएमईको वृद्धिमा सहयोग गर्ने र नयाँ गुणस्तरीय प्रडक्टको विकासमा सहयोग गर्ने लक्ष्य लिएको छ । यसको परिणामस्वरुप सन २०११को अन्त्य सम्ममा एमएसएमईको संख्या र मात्रामा क्रमशः ८८% र १८% को वृद्धि हुने अनुमान गरिएको थियो ।

## ८. जोखिम र चुनौतिहरु

एमएसएमईलाई परियोजना धितो कर्जा दिने नयाँ नीति कार्यान्वयन गर्नको लागिप्रमुख चुनौति सूचनाको अपारदर्शिता हो। एमएसएमई सामान्यतया ठूला फर्महरुको तुलनामा अधिक अपारदर्शी हुन्छन् किनकि उनीहरुसंग सार्वजनिक रूपमा उपलब्ध जानकारीहरु कमै हुन्छन् । कर्पोरेट र ठूला उद्योगहरु सामान्यतया लेखापरीक्षण गरिएको वित्तीय विवरण प्रदान गर्न सक्षम हुन्छन ।उनीहरुसँग धेरै वर्षको वित्तीय र लेखा परिचालनको पनि तथ्यांक हुने हुँदा बैंक वा लगानीकर्तालाई वित्तीय विश्लेषण गर्न र उनीहरुले भरोसा गर्ने जानकारीमा आधारित भई निर्णय गर्न सघाउँछ । तरप्रायजसो एमएसएमई कुनै वित्तीय संस्थाको लागि पर्याप्त, सही, र विश्वसनीय जानकारी प्रदान गर्ने सामर्थ्य राख्दैनन् वा इच्छुक हुँदैनन्।



एमएसएमईले सामान्यतया बैंकहरुलाई आवश्यक पर्ने पारदर्शी सूचना, लेखापरीक्षण प्रतिवेदनलगायत वित्तीय विवरण प्रदान गर्न सक्दैनन् र उनीहरुले जुन विवरण प्रदान गर्न सक्छन् त्यो प्रायः अपारदर्शी र अविश्वसनीय हुन्छ। अर्थशास्त्रमा यसलाई सूचनात्मक विषमता भनिन्छजसले विनाधितो वा परियोजनामा आधारित कर्जाका लागि सबैभन्दा ठूलो अड्चन सृजना गर्दछ। एमएसएमईको नगद प्रवाहको पारदर्शिता प्रदर्शन गर्ने क्षमताको कमीका कारण बैंकहरु ठोस धितोमा आधारित कर्जा जोखिम योजना अपनाउनु वाध्य छन् जसले एमएसएमईलाई बिना धितो कर्जा लिनमा बाधा पुऱ्याउँदै आएकोछ।

एमएसएमईसँग सामान्यतया तालिम प्राप्त सल्लाहकारहरुको अभाव हुन्छ वा उनीहरुसँग परियोजनाको सम्भाव्यता अध्ययनको लागिसल्लाहकार राख्न सक्ने आर्थिक क्षमता हुँदैन । यसकारण पनि उनीहरुलाईपरियोजना प्रस्ताव तयार पार्नमा कठिनाई हुन्छ । आवश्यक कागजात तयार पार्ने सम्बन्धमा एमएसएमईको क्षमता नहुँदा पनी बिना अचल सम्पत्ति धितो कर्जा लिनको लागि चुनौती हुन जान्छ ।

अर्कातर्फ बैंकको कर्जा नीति र प्रक्रियामा लचिलोपनको कमीछ। धेरैजसो बैंकहरुलेकर्जा प्रदान गर्नकालागिउच्च गुणस्तरीय धितो नै माग्ने गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरुले एमएसएमईलाई कर्जा प्रवाह गर्नका लागि धितोको सूची ने तयार पारेका हुन्छन् । धितोमा आधारित ऋण प्रवाह माथिको निर्भरता एमएसएमईकालागि अर्को चुनौती रहेको छ। कर्जा सूचना केन्द्रमा कर्जा लिन खोज्ने संस्था वा व्यक्तिका बारेमा पर्याप्त तथ्याङ्क र सूचनाको अभाव हुनुको कारण कर्जा प्रशोधन अर्को चुनौतिको रुपमा रहने गरेको छ ।

एकभन्दा बढी संस्थाबाट ऋण लिने प्रवृत्ति यति व्याप्त छ कि त्यसले समग्र अर्थतन्त्रमै जोखिम सिर्जना गर्ने क्षमता राख्छ । अनौपचारिक व्यवसाय,लेनदेनमा अपारदर्शिता र ग्राहकको कर्जा सूचना अभावका कारण कर्जा लिनेहरुमा आर्थिक अनुशासनको कमी रहेको पाईएको छ। ग्रामीण क्षेत्रमा एमएसएमईमा दक्ष लेखापल तथा मूल्याङ्कनकर्ताको अभावका कारण कर्जासम्बन्धी कार्य गर्दा ढिलाई हुने गरेको छ।यस्तै कारणले एमएसएमईले प्रस्ताव गरेको कर्जाअस्वीकृत हुन्छ र बैंक तथा वित्तीय संस्थाहरुको चाहना हुँदाहुँदै पनि एमएसएमइमा कर्जा प्रवाह विस्तार गर्ने उनीहरुको योजना र चाहनामा चुनौति थपिन्छ ।

## क. शैक्षिक प्रमाणपत्र कर्जा- असफलता र चुनौतीको कारण

नेपाल सरकारले शैक्षिक प्रमाणपत्र कर्जामा ५ प्रतिशत ब्याज अनुदान दिने व्यवस्था गरेको छ जहाँ कर्जा लिनेहरुले आफ्नो शैक्षिक प्रमाणपत्र धितो राख्नु पर्ने हुन्छ । यस्तो कर्जा पाँच वर्षभित्र तिरिसक्नुपर्छ ।माध्यमिक तह वा सो

सरहको शिक्षा पूरा गरेको र २५ बर्ष उमेर पुगेको कुनै पनि नेपाली युवाले यो कर्जाका लागि आवेदन दिन सक्नेछन्। यस्तो कर्जामा बीमा अनिवार्य रहेका कारण, कर्जा लिनेहरुले बीमा किस्ताको २५ प्रतिशत शुल्क तिर्नुपर्छ भने बाँकी७५% को जोखिम वहन सरकारले गर्छ ।

शिक्षित युवा स्वरोजगार कर्जानेपालमा पूर्णरुपमासफल हुन सकेको छैनासरकारले निकै प्रचार गरेको शिक्षित युवाहरुका लागि उनीहरुको शैक्षिक प्रमाणपत्रको धितोको भरमा कर्जा दिन शुरू गरिएको योजना भएतापनि नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्याङ्कले भने यो योजनाबाट युवाहरु अझै लाभान्वित हुन नसकेको देखाउँछ । यो योजना लागु भएपश्चात सन् २०७६ मा २४ युवाहरुले मात्रसहुलियतपूर्ण कर्जा लिएको देखिन्छ । त्यस्तै सन् २०७७ मा ६५ जना युवाहरुले सो कर्जा प्राप्त गरेका थिए र सन् २०७८ को असार सम्म १४१ युवाहरुले सहुलियतपूर्ण ऋण प्राप्त गरेका छन्। नेपाल राष्ट्र बैंकका अनुसार २०७८ असारसम्म यो योजनाअन्तर्गत बैंक र वित्तीय संस्थाबाट रु ६,२६,२०,००० बराबरको कर्जा प्रवाह भएको छ।


यो योजना पूर्णरुपमा सफल नहुनुको मुख्य कारण बैंकको कर्जा मूल्याङ्कन ईकाईलाई प्रदान गरिएको सहयोग पर्याप्त नहुनुलाई मानिएको छ । परियोजनाको न्यून मुल्याङ्कन रकर्जा प्रक्रियामा व्यवस्थापनको हस्तक्षेप पनि चुनौतिको रुपमा रहेको छ। साथै कर्जा आवेदकहरुले बैंकले मागेको आवश्यक कागजात तथा कर्जा प्रक्रियाका लागि आवश्यक अन्य सूचना बुझाउन ढिलाई गर्नाले पनि बैंक तथा वित्तीय संस्थाहरु एमएसएमईलाई ऋण दिनलाई हिच्किचाईरहेका छन् । अयोग्य वा राम्रोसँग तयार नभएको परियोजना प्रस्ताव, परियोजनाको आर्थिक क्षमताको कमी, परियोजनाहरुको क्षमताको कम उपयोग, ऋणीहरुमा वित्तीय ज्ञानको अभाव पनि यो योजना सफल नहुनुको कारण रहेको छ। यसलाई नेपाल राष्ट्र बैंकले पूर्णरुपमा समर्थन गरे पनि तोकिएका पूर्व शर्तहरुको पालना गर्न नसक्दा कर्जाको पूर्ण उपभोग भएको छैन् र कर्जा लिने प्रकृयाको पूर्ण ज्ञानको अभावले पनि यो कार्यक्रम सफल हुन नसकेको देखिन्छ।

शैक्षिक प्रमाणपत्र कर्जामा जस्तै माथि उल्लेखत चुनौतिहरु परियोजनामा आधारित कर्जामा पनि लागुहुने देखिन्छ किनकी शिक्षित युवा स्वरोजगार कर्जा पनि परियोजनामा आधारित कर्जा लगानी नै हो । तलका सुझावमध्ये केहीसुझावहरु शैक्षिक प्रमाणपत्र धितो राखेर दिईने कर्जाको अध्ययनबाट प्राप्त गरिएका हुन । यसको अर्थ यो परियोजनाको लाभ पूर्णरुपमा लिन सकिएको छैन भन्ने हो र यसरी प्राप्तसुझावहरु परियोजनामा आधारित ऋण लगानीका लागिअपनाउने हो भने ति चुनौति र जोखिमको न्यूनीकरण गर्न सकिन्छ।

## ९. सुझावहरु

**प्रमुख सुझावहरुः**

- सबै बैंक तथा वित्तीय संस्थाहरुको आफ्नो पोर्टफोलियोमा परियोजनामा आधारित एमएसएमईलाई प्रवाह गर्ने कर्जाका सम्बन्धमा केही अनिवार्य शर्तहरु लागु गर्नुपर्ने देखिन्छ। हाल बैंकको १५% पोर्टफोलियो धितोसहितको एमएसएमई कर्जामा हुनै पर्छ । तर एमएसएमईलाई प्राथमिकता क्षेत्रमध्ये एकको रूपमा विचार गर्दै, एक निश्चित रकम परियोजनामा आधारित कर्जाको रूपमा दिन सकिन्छ।नेपाल राष्ट्र बैंकले सबै बैंकहरुलाई कुल लगानीको कम्तीमा १०% कर्जा स्टार्ट अप र एमएसएमइलाई परियोजनामा आधारित वा नगद प्रवाहमा आधारित कर्जाका रुपमा प्रवाह गर्न निर्देशन दिनुपर्छ । परियोजनाको सम्भावित लागतको ६०% बिना धितो कर्जाका रूपमा दिन सकिन्छ र ४०% ऋणीले आफै लगानी



गर्नुपर्छ । यस्तो कर्जाको ब्याज दर जोखिमयुक्त रहेकाले नेपाल राष्ट्र बैंकले अन्य बैंक तथा वित्तीय संस्थालाई सहुलियत ऋण जस्तै ब्याजमा अनुदान प्रदान सक्छ ।

- यसबाहेक, कर्जाको एक निश्चित सीमासम्मको रकमका लागि कर्जा प्रत्याभुति संयन्त्र र बीमा विस्तार गर्दै जोखिम न्यूनीकरण संयन्त्र लागू गर्न बैंक तथा वित्तीय संस्थाको क्षमता विकासमाजोड दिनुपर्छ ।त्यसैगरीस्टार्ट अप एवं एमएसएमईकर्जा वाहकलाई वित्तसम्बन्धी प्राविधिक ज्ञान तथा मार्गदर्शनका प्रावधानहरुखडा गरी कर्जा क्रेडिट ग्यारेन्टीको उपयोग र सम्भाव्यता, ग्यारेन्टी प्रक्रिया र बीमा योजनाका बारे बुझाउनु महत्वपूर्ण हुन्छ । बैंक तथा वित्तीय संस्थाहरुलाई जोखिम न्यूनीकरण संयन्त्रको प्रयोगका बारेमा नेपाल राष्ट्र बैंकले क्षमता विकास गर्न मद्दत गर्न सक्छ ।
- जसरी कर्जा योजना र बीमा बिभिन्न सरकारी कोषद्धारा संरक्षित छन् त्यसै गरी परियोजना व्यवस्थापनका लागि विकास साझेदारहरुबाट उपलब्ध कोष पनिएकद्वार प्रणालीमार्फतपरिचालन हुनुपर्छ।उक्त रकमले कर्जाको सुरक्षण गर्न सकिन्छ । नेपाल राष्ट्र बैंकले दाताहरुको आर्थिक सहयोगमा बैंक तथा वित्तीय संस्थाहरुको क्षमता विकासका लागि ठोस नियम बनाई कार्यान्वयन गर्न सक्छ । सरकारले नोक्सानी जोखिम कम गर्न ऋणीहरुलाई बिभिन्न योजनाहरुको उपयोगिताका बारेमा तालिमहरु संचालन गर्नुपर्छ।
- अनुभवको कमीले हो या कर्जासम्बन्धी ज्ञानको कमीले, केही स्वीकृत परियोजना कर्जाहरुपूर्ण उपयोग भएको पाईंदैन । त्यसैले बैंकहरुले पत्रपत्रिका वा विद्युतीयसंचार माध्यमबाट असल कर्जा संस्कृतिको विकासकालागिजनचेतना अभियान संचालन गर्नुपर्ने देखिन्छ। परियोजनामा आधारित कर्जा योजनाका लागि बैंकहरुले परामर्श एवं सल्लाहकालागि छुट्टै विभागको गठन गर्नुपर्छ जसले त्यस्ता योजनाको व्यवस्थापनमा देखापर्ने अन्तरलाई कम गर्न सकोस्। यसका साथै सरकारी निकायले ऋणीहरुको अनुभव बढाउन उनीहरु संलग्न रहेको क्षेत्रहरुमा तालिम प्रदान गर्नु पर्छ।
- एमएसएमईलाई बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने कर्जाहरुको सूचीमा एकरुपता छैन जसले लगानीकर्ताहरुमा भ्रम पैदा गरेको छ। स्टार्ट अप एवंएमएसएमईलाई बैंक तथा वित्तीय संस्था तथा औद्योगिक व्यवसाय ऐन, २०७६ ले भिन्न भिन्न रुपमा व्याख्या गरेको पाईन्छ। प्रायजसो बैंक तथा वित्तीय संस्थाहरुमा एमएसएमईर तिनलाई प्रदान गरिनेकर्जा सम्बन्धमा उनीहरुको आफ्नैखालका आन्तरिक प्रणाली र मापदण्ड छन्। समान कर्जा मापन सीमानहुनु परियोजनाा आधारित कर्जाका लागि सबै भन्दा ठूलो चुनौति हो।त्यसैले यो चुनौतिलाई सम्बोधन गर्नका लागिनेपाल राष्ट्र बैंकले कर्जा सीमा मापनलाई अनिवार्य गर्नुपर्छ र त्यसै अनुरुप सबै बैंक तथा वित्तीय संस्थाहरुलाई परियोजनामा आधारित कर्जा निर्धारणमा जोड दिनु पर्दछ। यसबाहेक नेपाल राष्ट्र बैंकले सबै बैंक तथा वित्तीय संस्थाहरुलाई एमएसएमईसँग सम्बन्धित परियोजनामा आधारित कर्जाका सम्बन्धमा उचित तथ्याङ्क राख्न र प्रगतिको निगरानीका लागितथ्यांकसहित त्रैमासिक प्रतिवेदन प्रकाशित गर्नको लागी प्रोत्साहन गर्नु पर्दछ। यस सम्बन्धमा परामर्श र सल्लाहका लागि बैंकहरुले छुट्टै विभाग बनाइ परियोजनामा आधारित कर्जाका लागि सहज वातावरण सिर्जना गर्नुपर्छ।
- सबैभन्दा महत्वपूर्ण कुरा त के हो भनेस्टार्ट अप एवं एमएसएमईले पेश गर्ने सूचना पारदर्शी नहुने भएकाले तिनीहरुलाई कर्जा प्राप्त गर्न असहज छ भन्ने गरिन्छ । यसले एमएसएमई र बैंक तथा वित्तीय संस्थाहरुका बीच जानकारीको अभाव देखिन्छ र यसले कर्जा प्रवाहमा बाधा पुऱ्याउन सक्ने देखिएको छ।बैंक तथा वित्तीय संस्थालाई लघु, घरेलु, साना तथा मझौला क्षेत्रलाई कर्जा प्रदान गर्न प्रोत्साहित गर्न वित्तीय प्रणालीमा पूर्वाधार विकास र सुधारको आवश्यकता छ । एमएसएमईको तथ्याङ्क राख्ने, विश्वसनियतामापन गर्ने, एमएसएमईको हालको स्वामित्वको सम्पत्ति दर्ता गर्ने र धितो राख्ने र उनीहरुले लिएको ऋणको हिसाब राख्ने एक छुट्टै विभाग वा संस्थाको आवश्यकता छ ।

- व्यवसायको आर्थिक प्रतिवेदनमा भर गरी कर्जा तिर्न सक्छन वा सक्दैनन् भनी कर्जा प्रवाह गर्नु भन्दा बैंक तथा वित्तीय संस्थाहरुले उद्योगहरुको आर्थिक अवस्था मापन गर्न केही कर्मचारीहरुको व्यवस्था गर्नु उचित देखिन्छ। बैंक तथा वित्तीय संस्थालेधितो सुरक्षणमा निर्भर रही कर्जा प्रवाह गर्नु भन्दा व्यवसायिक प्रस्ताव वा व्यवसायीको नगद प्रवाहको आधारमा कर्जा प्रवाह गर्नु उचित देखिन्छ । नयाँ एमएसएमईका लागि बैंकिङ कारोबार तथा नगद प्रवाहजस्ता कर्जा मूल्याङ्कनका वैकल्पिक उपाय खोज्नु आवश्यक छ जसले कर्जा भुक्तानी गर्न वा कर्जा लिनका लागि धितो अपरिहार्य नहोस र व्यवसायीको आर्थिक गतिविधि नै कर्जा प्राप्तिको लागि कर्जा सुनिश्चितताको माध्यम होस् ।कर चुक्ताको प्रमाणपत्रलाई पनि व्यवसायिक स्वच्छताको मापदण्डका रुपमा हेरेर कर्जा प्रवाह गर्न सकिन्छ । यसो गर्दा कर्जा लिने व्यवसायीको आर्थिक कारोवारको वास्तविक तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुसँग हुनेछ र कर्जा प्रवाहमा सहयोग पुग्नेछ।
- कर्जासम्बन्धीसबै जानकारी एकत्रितगर्ने कामकालागिसघन कर्जा सूचना संयन्त्रको विकास गर्न सकियो भने व्यवसायीहरुको कर्जा तथ्याङ्क व्यवस्थित गर्न सहयोग पुग्नेछ ।यस्तो संयन्त्रले कर्जा प्रदायक र व्यवसायका विचमा रहेको सूचनाको अभाव पूरागर्न पनि मद्दत्तपुग्नेछ।कर्जा सूचनाले बैंक तथा वित्तीय संस्थाहरुलाई व्यवसायको चालचलन, विगतकावर्षहरुको आर्थिक कारोवार र हाल रहेको बाँकी कर्जा आदिका बारेमा जान्न थप मद्दत गर्नेछ । अंन्ततः यसकै कारण साना व्यवसायहरुलाई कर्जा प्रदान गर्न सहयोग पुग्नेछ । विद्यमानकर्जा सूचना र त्यसमा रहेकासमस्याहरुको समाधानका लागि आर्थिक क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायहरु, नीति निर्माता तथा उपभोक्ता संरक्षण समूहकाबिच उचित रणनीतिको विकासका लागि संवादमा जुट्नु जरुरी रहेको देखिन्छ ।
- स्टार्ट अप एवं एमएसएमईमा सबैको पहुँच पुगोस् भन्ने हो भने विशेष क्षेत्रअनुसार आर्थिक कृयाकलापमा संलग्नहरुका लागि उपयुक्त आर्थिक विकास कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । कर्जा सम्बन्धि सूचना सहितको सामाग्री निजी क्षेत्रसंगको सहकार्यमा तयार पारि वितरण गर्न सकिन्छ ।
- अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले कर्जाआवेदन फिर्ता गर्नुका कारण भनेकै आर्थिक प्रतिवेदन नहुनु, उचित परियोजना प्रस्तावना नहुनु रकर्जा लिनुको उद्देश्य नखुल्नु वा प्रमाणित गर्न नसक्नु हुन् ।यसको समाधानको लागि सरकारले आयोजनाको संभाव्यता अध्ययन तथा योजना प्रस्ताव तयार पार्नको लागिबैंक तथा वित्तीय संस्थाहरुलाई तालिम प्राप्त विज्ञ तथा परामर्शदाता प्रदान गर्न सक्छ । यसो गर्दा यी क्षेत्रका समस्याहरु समाधान गर्न सजिलो हुन्छ।
- नेपाल उद्योग बाणिज्य महासंघले स्टार्ट अप एवं एमएसएमइ लाई कर्जा लिनुपूर्व आवश्यक सेवा प्रदान गर्न आफ्ना प्रादेशिक कार्यालयहरुमार्फत सहजीकरण गर्न सक्छ । यसका लागि नेपाल बंकर्स संघ र बिकस बैंक संघसंग सहकार्यका लागि सम्झौता समेत भइसकेको छ ।

## परियोजनामा आधारित कर्जाका लागि जोखिम न्यूनीकरण संयन्त्र

जोखिम न्यूनीकरण संयन्त्र यस्तो उपकरण हो जसले जोखिमलाई अवसरमा परिणत गर्दछ । वित्तीय जोखिम न्यूनीकरण संयन्त्र बैंक तथा वित्तीय संस्थाहरुमा लागू हुन्छ। पूँजी व्यवस्थापकका रूपमा बैंकहरु कर्जा प्रवाहमा रहेको जोखिम अर्थात् ऋणी वा व्यवसायिक समूहले कर्जा चुक्ता नगर्ने जोखिममा बढीकेन्द्रित हुन्छन्। यस्ता जोखिमहरुको न्यूनीकरण गर्ने सवालमा बैंकहरुले ती व्यवसायहरुलाई मात्र कर्जा प्रदान गर्छन् जसले कडा मापदण्ड पूरागर्न सक्छन्।विशेषगरी कम आय भएका देशहरुमास्टार्ट अप एवं एमएसएमईका लागि वित्तीय पहुँच वा धितो विनाको ऋणको प्रवर्द्धन गर्न अनुदानमा आधारित सहयोग र बीमा सुविधाको आवश्यकता पर्छ । त्यसैगरी वित्तीय पूर्वाधारकालागि नीतिगत सहयोग र समर्थन, कर्जाकोग्यारेण्टी योजना र सार्वजनिक वा निजी तथ्याङ्कको व्यवस्थापन पनि आवश्यक छ ।

## क. कर्जा ग्यारेण्टी योजना:





अध्ययनमा सहभागी बैंकहरूले कर्जा ग्यारेण्टी योजना जस्ता प्रमुख पूर्वाधारको विकासको महत्वका बारेमा जोड दिएका छन्।साना व्यवसायीहरुको सिमित आर्थिक बिवरण, कम धितो, सहीआर्थिक विवरण पेश गर्ने विज्ञता वा दक्षतामा कमी आदिका कारण कर्जा ग्यारेण्टी योजना एमएसएमई तथा स्टार्टपको आर्थिक व्यवस्थापनमा महत्वपूर्ण औजारको रुपमा व्यापक प्रयोग हुँदै आएको पाईन्छ । त्यसैले कर्जा ग्यारेण्टी संयन्त्र यस्ता व्यवधानहरूको जोखिम हस्तान्तरण वा यस्ता अड्चनलाई परास्त गर्ने साधनको रुपमा प्रयोग गरिन्छन् । विश्वभर, एमएसएमईमा कर्जा प्रवाहको लागि कर्जा ग्यारेण्टी योजना प्रमुख औजारको रुपमा लिईन्छ। बजारमा आउने तरलताबाट वित्तीय संस्थाहरुले भोग्न पर्ने आर्थिक संकट व्यहोर्ने कामका लागि कर्जा ग्यारेण्टीसंयन्त्रले काम गर्ने देखिन्छ।

विकासशील राष्ट्रहरुका लागि कर्जा ग्यारेण्टी प्रमुख योजनाको रुपमा प्रयोग भएको पाईन्छ। तथापि सरकारले प्रदान गरेको कर्जाको दुरुपयोग रोक्न र नैतिक जोखिम कम गर्नका लागि उचित अनुगमन संयन्त्र परिचालन गर्नु जरुरी छ अन्यथा यसले बजार अनुशासनलाई असर गर्ने निश्चित छ। संस्थागत सुशासन स्थापना गर्न सहज नभएको कमजोर संस्थागत वातावरणमा कर्जा ग्यारेण्टी योजनाको विकास तथा प्रबन्ध मिलाउन चुनौतीपूर्ण हुन्छ । यस्ता योजनाहरुले राम्रो गर्न नसकेका स्टार्ट अप एवं एमएसएमईलाई उनीहरुको व्यवस्थापनमा धितो विनाको कर्जा प्रत्याभुत गरी त्यस्ता उद्योगहरुको आयुलाई लम्ब्याउन सकिने हुन्छ।

कर्जा तथा निक्षेप सुरक्षण कोषले हाल दिइरहेको सुरक्षण सुविधालाई परियोजना धितोमा स्टार्ट अप र एमएसएमइलाई प्रवाह हुने कर्जासम्म विस्तार गर्नुपर्छ । कोषलाई पनि पर्न जाने जोखिम दातृ निकायबाट प्राप्त हुने सहयोग र सरकारले पनि कुनै माध्यमबाट प्रदान हुने सहयोगबाट आंशिक रुपमा बेहोनुपर्छ । आंशिक जोखिम कर्जा प्रवाह गर्ने वित्तिय संस्था, आंशिक विमा कम्पनी र थोरै अंश कोषले पनि बेहोर्नुपर्ने हुनसक्छ । जोखिम न्युनिकरणका लागि कोषको क्षमता बिकासमा काम गर्नुपर्छ ।

## ख. सार्वजनिक तथा निजी कर्जा केन्द्र



आर्थिक विवरण र कर्जा सूचना केन्द्र जस्ता विभिन्न श्रोतको माध्यमबाट ऋणीहरुको सूचना बैंकहरुलाई प्रदान गरी आर्थिक समावेशितालाई बढाउन सकिन्छ।बैंक तथा वित्तीय संस्थाको सुझावअनुसार कर्जा सूचना केन्द्रको तथ्याङ्कलाई चुस्त दुरुस्त राखी एकै व्यक्ति वा संस्थाले विभिन्न ठाउँबाट कर्जा लिई गर्न सक्ने आर्थिक अपचलनलाई निरुत्साहित गर्नुपर्ने हुन्छ।कर्जाको दायरा बढाउनकालागि आवधिक भुक्तानी, बिजुली, टेलिफोन तथा बीमाको तथ्याङ्कसमेत

सूचना केन्द्रको तथ्याङ्कमा राख्नु पर्ने देखिन्छ।यसले ऋणीको कर्जा योग्यता प्रस्तुत गर्दछ र वित्तीय संस्थाले आफूसँग विगत वा वर्तमानको आर्थिक विवरण नभएका संभावित ऋणीहरुकालागि वैकल्पिक भुक्तानी बिवरणमा भरोसा गर्न सक्छ।तथापी नीति तथा कानुनद्धारा ऋणीहरुको व्यक्तिगत गोपनियताको पनि ग्यारेण्टी गरिएको हुँदा सो को पनि ख्याल गर्नुपर्ने हुन्छ।त्यसैले कर्जा चुक्ता गर्न सक्ने ऋणीको हैसियत प्रमाणित गर्न सक्ने बिवरणहरु मात्र सूचना केन्द्रले संकलन गर्न सक्ने नियम बनाउनु पर्ने हुन्छ।



## ग. बीमा तथा अन्य योजनाहरू:

नेपाल सरकारअर्न्तगतकोबीमा समितिले सबै बीमा कम्पनीहरुकालागिउनीहरुका प्रडक्टमध्ये कम्तिमा १०% लघु बीमा कार्यक्रम हुनु पर्ने प्रावधान राखेको छ।यो योजनाले उद्योग र उद्योगी दुवैलाई समेटेको छ।यद्यपि एसिया प्रसान्त क्षेत्रको लागि संयुक्त राष्ट्र संघको आर्थिक र सामाजिक परिषद(युएनएस्क्याप)को सन् २०१९ को अध्ययन नेपालमा एमएसएमईको आर्थिक पहुँचका अनुसार हाल लघु बीमा कार्यक्रमलाई प्रोत्साहन गर्न कुनै प्रष्ट दिशानिर्देश भने गरेको पाइदैन ।अन्तरवार्तामासहभागी साना व्यवासायीले त्यस्तो लघु बीमा कार्यक्रमको प्रावधान छ भन्ने कुरैथाहा नभएको बताएका छन्।

छलफलमासहभागीवित्तीय संस्थाका अनुसार उद्योग तथा एमएसएमईको सम्पतिको बीमा नगरिएको कारण बिनाधितो कर्जा प्रदान गर्न चुनौतिपूर्णछ । बीमा सुविधा ति उद्योगहरुका लागि जोखिम व्यवस्थापन प्रणाली हो जसले प्रमाणित अनुभवको कमीका कारण कर्जाको पहुँचमा हुने अप्ठ्यारो तथा कमीलाई सरल बनाउनसहयोग गर्छ।यो जोखिम व्यवस्थापन प्रणालीले व्यवसाय विफल पार्ने बिभिन्न खतराहरुको विरुद्ध सुरक्षा प्रदान गर्ने हुँदा विमित उद्योगहरु सफल हुने अधिक सम्भावना रहेको देखिन्छ । यो एउटा जोखिम न्यूनीकरणको संयन्त्र हो जसले आपतकालीन अवस्थामा आर्थिक सहयोग गर्दै जोखिमलाई बिमक वा बीमा लगानिकर्तामा हस्तान्तरण गर्छ।

नेपाल राष्ट्र बैंकले प्रत्येक वर्ष प्रकाशन गर्ने मौद्रिक नीतिले स्टार्ट अप एवं एमएसएमईमा लगानी प्रवर्द्धन गर्नका लागि विभिन्न खालका योजनाहरु ल्याउने गरेको छ। महिला उद्यमशीलता प्रवर्द्धन गर्नका लागिसन् २०१४/१५को मौद्रिक नीतिले महिलाले व्यवस्थापन गरेको परियोजनामा रु ७ लाख बराबरको आर्थिक व्यवस्थापनको योजना बनाएको थियो तर युएनएस्क्यापको अध्ययनले सो कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको पाएन । कुनैपनि वित्तीय संस्थाले सो नीतिको कार्यान्वयन नगरेको र त्यस प्रकारको कर्जा पनि प्रवाह नभएको सो अध्ययन प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी सन २०१८/१९को मौद्रिक नीतिले महिला उद्यमीहरुलाई विनाधितोरु १५ लाख बराबरको कर्जा ६% व्याज अनुदानमा प्रवाह गर्न वाणिज्य बैंकहरुलाई अनुमती दिएको थियो । तैपनि सन् २०१९ को सुरुवातसम्म देशभरमा १७० जना महिलाहरु यो योजनाबाट लाभान्वित भएको पाईएको छ र यस्तो कर्जाको औसत सीमा रु.६ लाख बराबर रहेको छ।

विमालाई लघुमा मात्र सिमित नगरि यसको दायरा विस्तार गर्नुपर्छ । स्टार्ट अप र एमएसएमइलाई प्रवाह हुने कर्जाको निश्चित रकम विमा गर्नुपर्ने व्यवस्था गर्न सकिन्छ ।

तसर्थ उद्यमशीलता, रोजगारी र जनजीविकाका अवसरहरुलाई प्रोत्साहित गर्न र बदलिंदो आर्थिक वातावरणमास्टार्ट अप एवं एमएसएमईको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न नेपाल सरकारनेपाल राष्ट्र बैंकद्वारा प्रस्तुत विभिन्न योजनाहरुलाई

प्रभावकारी ढंगले लागु गरिनु पर्छ । वास्तवमा यस प्रकारका योजनाहरु विभिन्न क्षेत्रमा सक्रिय सबै एमएसएमईलाई उपलब्ध गराउनु पर्छ ।

## १०. निश्कर्ष

बजार परिपक्व हुँदै जाँदा बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो जोखिम व्यवस्थापन गर्नुका साथै जोखिम बहन गर्ने क्षमताबलियो बनाउँछन । संगै  स्टार्ट अप एवंएमएसएमईले आफ्नो कारोवारमा सुधार तथा संचालन र वित्तीय पारदर्शिताको उचित प्रर्दशन गर्दछन् जसले विना धितो वा परियोजना आधारित कर्जामा वृद्धि गर्न मद्दत गर्छ ।

परियोजना धितो कर्जाको उपयोगिता बढाउने उद्देश्यले प्रभावकारी नीति नियमहरुको विकासका लागि पहल गर्नुका साथै सो को परीक्षण गरी तिनीहरुको व्यवस्थित र सघन प्रभाव मूल्याङ्कन गर्दा स्टार्ट अप र एमएसएमई लाभान्वित हुने देखिन्छ । स्टार्ट अप एवं एमएसएमई क्षेत्रको लागि पुँजीको अपर्याप्तता छ र समयमै पुँजीमापहुँचनपुग्दा अझै पनि चुनौतिहरु रहिरहने देखिएको छ । त्यसैले देशमा नवप्रवर्तन र उद्यमशीलता को विकासका लागि वित्तीय क्षेत्रले खासगरी उद्योग विकासको शुरुवाती चरणमा अचल सम्पत्ति जस्तै घरजग्गा नै धितो चाहिने ` चलनलाई प्रतिस्थापन गर्ने विकल्पहरुको खोजी गर्नु जरुरी छ ।

तर यसमा समय लाग्छ । अर्थतन्त्रलाई चलायमान बनाउने र रोजगारीमा ठूलो योगदान दिइरहेको एमएसएमइ एवं सम्भावना बोकेका स्टार्ट अपलाई कर्जा सुनिश्चितता गर्न सकिएन भने वृद्धि सम्भव छैन । त्यसैले परियोजना धितो अहिलेको मुख्य आवश्यकता हो । यो जोखिमपूर्ण छ । तर जोखिम न्युनिकरणका उपाय पनि प्रसस्तै छन । जोखिमलाई वित्तिय संस्था, उद्यमी, विमा कम्पनी, कर्जा सुरक्षण एजेन्सी, सरकार, नेपाल राष्ट बैंक र बिकास साझेदारहरुले बाढन सक्ने संयन्त्र अहिलेको आवश्यकता हो । जुन सम्भव छ ।

FNCCI

स्टार्ट अप एवं लघु, घरेलु, साना तथा मझौला उद्यम

# परियोजना कर्जा सम्भाव्यता

Designed & Compiled by

FACTS
RESEARCH & ANALYTICS
intelligence for informed choices

Pachali Shahid Shukra FNCCI Milan Marg, Teku
P.O. Box 269, Kathmandu, NEPAL
Telephone : +977-1-5362061 / 5362218 / 5366889
Fax : +977-1-5361022 / 5362007
E-mail : fncci@mos.com.np

International
Labour
Organization